नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

मितिः- २०७५/०८/२४

# प्रेस विज्ञप्ती

## राजस्व चुहावट ऐन (अनुसन्धान तथा नियन्त्रण), २०५२ बमोजिम अदालतमा मुद्दा दायर भएका मुख्य मुख्य फर्म तथा व्यक्तिको विवरण

- ४२ फर्महरु अदालतमा मुद्दा दर्ता
- रु. ५,७७,१७,०६,१३६।४० (रुपैया पाँच अर्ब सतहत्तर करोड सत्र लाख छ हजार एक सय छत्तिस र चालिस पैसा मात्र) बिगो तथा हदै सम्म (३ वर्षसम्म) को कैद सजाय माग दावी गरिएको
- तथा उक्त ४२ वटा फर्महरु मध्येबाट रु. ३,२७,५२,४६,६८३।४० ( रुपैया तीन अर्व सत्ताइस करोड बाउन्न लाख छयालीस हजार छ सय त्रियासी र चालीस पैसा) धरौटी रकम माग
- र उक्त ४२ वटा फर्महरु मध्येबाट रु. २२,५७,९८,१३९।- ( रुपैया वाइस करोड सन्ताउन्न लाख अन्ठानब्बे हजार एकसय उन्नचालिस) धरौटी वापतको रकम दाखिला हुन आएको ।

### ख्याती प्राप्त एडीडास व्राण्डका सामान पैठारी गरी ७५ करोड राजस्व छली

### १. मितेरी इन्टरनेशनल (स्थायी लेखा नं. ६०३०२५९६३)

### बिगो र सजाय रु. ७५,९६,३१,९०८।४०।- र जनही ३ वर्ष कैद ।

रसुवा भन्सार कार्यालयबाट मिति २०७५।०४।१५ गते प्रज्ञापनपत्र नं. **M 8374** बाट मितेरी इन्टरनेशनल (स्थायी लेखा नं.) ६०३०२५९६३० का नाममा जाँचपास भएका मालवस्तुहरु ना. ५ ख ६६५४ नम्बरको मालवाहक सवारी साधन मार्फत गन्तव्यतर्फ जाँदै गरेको अवस्थामा यस विभागले नियन्त्रणमा लिई भौतिक परिक्षणको क्रममा पैठारीकर्ताले भन्सार बिन्दु (प्रज्ञापनपत्र) मा घोषणा गरेकोमा एक किसिमको मालसामानलाई अर्कै किसिमको र एउटा देशमा उत्पादन भएको सामानलाई अर्कै देशमा उत्पादन भएको भनी जाँचपास तथा ढुवानी गरी राजस्व चुहावट गरेको । जाँचपास भएको मालबस्तुहरुमा मा **Vest** ८,८८० थान उल्लेख भएकोमा २३,६२९ सेट (भेष्ट र कट्टु समेत) परिमाण आयात गरेको, Baby Elastic Kattu १८,७९० र Elastic Kattu ५,८३५ उल्लेख भएकोमा उल्लेखित सामानहरु आयात भएको देखिंदैन । राज्यको तर्फबाट कानुन कार्यान्वयन गर्नका लागि रसुवा भन्सार कार्यालयमा खटिएका भन्सार अधिकृत पवित्रकुमार खड्का र भन्सार जाँचकी धिरजकुमार थापाले राज्य प्रतिको आफ्नो दायित्व पूरा नगरी राजस्व कम असुल गरी आयातित मालबस्तुको गलत घोषणा गरेर


टेलिफोन : ५५२७८८५महानिर्देशक, ५५५१८०२ उप-महानिर्देशक,
कन्ट्रोल रुम ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स : ५५४२०२३, टोल फ्री नम्बर : १६६०-०१-५५०००
इमेल : info@dri.gov.np,वेभसाइट :www.dri.gov.np

राज्यलाई नोक्सान र सामान धनीलाई फाइदा हुने गैरकानूनी कार्य (Meeting of Mind) मा संलग्न भएको हुदाः खटिएका कर्मचारीहरुले सामान पैठारीकर्ताहरुसंग मिलेमतो गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित गरेको काम गरी सोही ऐनको दफा ४ को क, ख, ग, घ, ङ, च र छ बमोजिम कसुर गरेको । सामानहरुको मूल्य, गुणस्तर, आकार, नाप, प्रकृतिबाट र उत्पतिको आधारमा फरक देखिने स्वाभाविक आधारलाई नजरअन्दाज गरी भन्सार जाँचकी धिरजकुमार थापा र भन्सार अधिकृत पवित्रकुमार खड्काले अन्य प्रतिबादीहरु सुमन श्रेष्ठ, रन्जनकुमार त्रिपाठी, धनबहादुर तामाङ्ग र डम्बरबहादुर श्रेष्ठसंग आपसी मत सल्लाहमा प्रतिबादीहरुलाई फाइदा र राज्यलाई नोक्सान हुने गरी राजस्व चुहावटको कसुर गरेको देखिएकोले २३,७२९ सेट एडिडास प्रिन्टेड गेम सेटको (कट्टु, भेष्ट) को जम्मा कायम हुने मूल्य रु. ७,५९,६३,१९०।१२ (अक्षरुपी सात करोड उनान्साठी लाख त्रिसट्ठी हजार एकसय नब्बे पैसा बाह्र) लाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) अनुसार बिगो कायम गरी प्रतिबादीहरु सुमन श्रेष्ठ, रन्जनकुमार त्रिपाठी, रसुवा भन्सार कार्यालयका भन्सार अधिकृत पवित्रकुमार खड्का र जाँचकी (ना.सु.) धिरजकुमार थापालाई ऐ ऐनको दफा २३(१) बमोजिम बिगोको दोब्बर सजाय गरी सो कसुरमा सामान पैठारी गर्न तथा ढुवानी गर्न ट्रक उपलब्ध गराउने र ट्रक चलाउने मतियारको भूमिका निर्बाह गर्ने प्रतिबादीहरु धनबहादुर तामाङ्ग र डम्बरबहादुर श्रेष्ठलाई ऐ ऐनको दफा २३(२) बमोजिम मुख्य अभियुक्तलाइ हुने सजायको आधा सजाय हुन माग दावी लिइ २०७५।०८।२४ मा जिल्ला अदालत काठमाण्डौमा मुद्धा दायर गरिएको छ। उल्लेखित कसुर गर्ने कार्यमा प्रयोग भएको प्रतिवादी धनबहादुर तामाङ्गको नाममा दर्ता रहेको ना ५ ख ६६५४ नम्बरको सवारी साधन समेत ऐ। ऐनको दफा ३३ वमोजिम जफत हुन समेत माग दावी लिइ मिति २०७५।०८।२४ मा जिल्ला अदात काठमाण्डौमा मुद्दा गरिएको ।

| सि.नं. | अभियुक्तहरुको नाम | बिगो रकम | सजाय जरिवाना माग दावी | बिगो र जरिवाना समेत जम्मा रकम | कैद माग दावी |
|---|---|---|---|---|---|
| १. | • रञ्जन त्रिपाठी | ७,५९,६३,१९०।८४ | १५,१९,२६,३८१।६८ | ७५,९६,३१,९०८.४० | ३ वर्ष जनही |
| | • सुमन श्रेष्ठ | ७,५९,६३,१९०।८४ | १५,१९,२६,३८१।६८ | | |
| | • धिरजकुमार थापा | ७,५९,६३,१९०।८४ | १५,१९,२६,३८१।६८ | | |
| | • पवित्रकुमार खड्का | ७,५९,६३,१९०।८४ | १५,१९,२६,३८१।६८ | | |
| | • धनबहादुर तामाङ्ग | ७,५९,६३,१९०।८४ | ७,५९,६३,१९०।८४ | | १.५ वर्ष |
| | • डम्बरबहादुर | ७,५९,६३,१९०।८४ | ७,५९,६३,१९०।८४ | | १.५ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्रेष्ठ | | | | |
| | जम्मा | ७,५९,६३,१९०।८४ | ७५,९६,३१,९०८.४० | ७५,९६,३१,९०८.४० | |

## २. सुभान इन्टरनेशनल (स्थायी लेखा नं. ६०३३२१८९६)

## विगो र सजाय रु. १८,०८,८८०।- र ३ वर्ष कैद ।

त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल भन्सार कार्यालयको प्रज्ञापन पत्र नं. M२०८०१ बाट सुभान इन्टरनेशनल (स्थायी लेखा नं. ६०३३२१८९३) का नाममा जाँचपास भएका मालवस्तुहरु बा १२ च ५९९८ नम्बरको मालवाहक सवारी साधन मार्फत गन्तव्यतर्फ जाँदै गरेको अवस्थामा यस विभागले नियन्त्रणमा लिई भौतिक परिक्षणको क्रममा पैठारीकर्ताले भन्सार बिन्दु (प्रज्ञापनपत्र) मा घोषणा गरेको परिमाण भन्दा ९४८ पिस बढी WIND BREAKER फेला परेको सम्वन्धमा अनुसन्धान गर्दा पैठारी कर्ताले ढुवानी गरेको साधनमा वढी देखिएका मालवस्तुको भन्सार प्रज्ञापन पत्र वा मु.अ.कर ऐन अनुसार मालवस्तुको कर बिजक साथमा लिई ओसारपसार गर्नु पर्नेमा सो भएको नपाइएको हुँदा उक्त ९४८ पिस WIND BREAKER चोरी पैठारी गरी ढुवानी गरेको स्पष्ट हुन आएको कारणले राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४(क) र (ग) वमोजिम राजश्व चुहावट गरेको पुष्टि भएको हुँदा बढी फेला परेको ९४८ पिस WIND BREAKER ऐ. ऐनको दफा ३३ बमोजिम जफत हुन र विगोको दोब्बर १२,०५,९२०।- जरिवाना र ३ वर्षसम्म कैद मागदावी लिइ भरत वहादुर अर्याल, सुशिला पाण्डे विरुद्ध मुद्धा दायर गरिएको ।उल्लेखित कसुर गर्ने कार्यमा प्रयोग भएको प्रतिवादी साबित्री श्रेष्ठको नाममा दर्ता रहेको बा. १२ च ५९९८ नम्बरको सवारी साधन समेत ऐ. ऐनको दफा ३३ वमोजिम जफत हुन माग दावी लिइ मिति २०७५।०७।२८ मा जिल्ला अदात काठमाण्डौमा मुद्दा गरिएको ।

| सि.नं. | अभियुक्तहरुको नाम | विगो रकम | सजाय जरिवाना माग दावी | विगो र जरिवाना समेत जम्मा रकम | कैद माग दावी |
|---|---|---|---|---|---|
| १. | • भरत बहादुर अर्याल<br>• सुशिला पाण्डे<br>• साबित्री श्रेष्ठ<br>• कृष्ण बहादुर श्रेष्ठ | ६,०२,९६०।०० | १२,०५,९२०।०० | १२,०५,९२०।०० | ३ वर्ष जनही |
| | जम्मा | ६,०२,९६०।०० | १२,०५,९२०।०० | १२,०५,९२०।०० | |

## ३. छिरीङ्ग ङटुप लामा र लोप्साङ्ग तेन्गे लामा (१० किलो ७७६.१ लाल सुन)

## विगो र सजाय रु. ५४,२७,५७,१०५।- र ३ वर्ष कैद ।

छिरीङ्ग ङटुप लामा र लोप्साङ्ग तेन्गे लामाको साथबाट गोरखा जिल्ला चुमनुब्री गा.पा. वडा नं. ३ फिलिम भन्ने स्थानबाट वरामदित १० किलो ७७६.१ लाल सुन बरामद गरी विभागमा दाखिला भई अनुसन्धान गर्दा आयात प्रज्ञापन पत्र तथा भन्सार तिरेको रसिद निस्सा, प्रमाण पत्राउ प्रतिबादीहरुले दाखिला गर्न नसकेकोले प्रतिबादीहरुको साथबाट बरामद भएको रु ४,९३,४१,५५५।– बराबरको सुनको नियमानुसार लाग्ने र बुझाउनु पर्ने राजस्व चुहावट गरेको पुष्टि हुनुका साथै विदेश चाइनाबाट रु.४,९३,४१,५५५।- बराबरको सुन खरिद गर्न सोही रकम बराबरको विदेशी विनिमय गैरकानुनी तबरबाट अपचलन गरेको पुष्टि हुन आएकोले निज प्रतिबादीहरु जिल्ला गोरखा चुमनुब्री गा.पा. वडा नं. ७ छेकम्बार बस्ने मुटुप लामा भन्ने छिरिङ्ग ङटुप लामा र ऐ.ऐ. बस्ने लोप्साङ्ग तेन्गे लामाको उक्त कार्य राजस्व चुहावट( अनुसन्धान तथा नियन्त्रण ) ऐन २०५२ को दफा ३, ४(क), ४(ग) तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा ३ र ९ग विपरित कसुर समेत गरेको देखिदा निज प्रतिबादीहरु जिल्ला गोरखा चुमनुब्री गा.पा. वडा नं. ७ छेकम्बार बस्ने मुटुप लामा भन्ने छिरिङ्ग ङटुप लामा र ऐ. ऐ. बस्ने लोप्साङ्ग तेन्गे लामालाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३३ बमोजिम निजहरुबाट बरामदी दशी जफत हुन तथा ऐ ऐनको दफा २३ बमोजिम प्रतिबादीहरुलाई सजाय गरी र विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा १७(१) तथा १७(९) बमोजिम थप सजाय समेत गरी पाउन मिति २०७५।०७।२७ मा श्री गोरखा जिल्ला अदालत, गोरखामा मुद्दा दर्ता गरिएको ।

| सि.नं. | अभियुक्तहरुको नाम | विगो रकम | सजाय जरिवाना माग दावी | विगो र जरिवाना समेत जम्मा रकम | कैद माग दावी |
|---|---|---|---|---|---|
| १. | • छिरीङ्ग ङटुप लामा<br>• लोप्साङ्ग तेन्गे लामा | ४,९३,४१,५५५।- | ९,८६,८३,११०।-<br>९,८६,८३,११०।-<br>(राजस्व चुहावट)<br>१४,८०,२४,६६५।-<br>१४,८०,२४,६६५।-<br>(विदेशी विनिमय अपचलन) | ५४,२७,५७,१०५।- | राजस्व चुहावटको कसुरमा ३ वर्ष कैद जनही<br>विदेशी विनिमयको कसुर ३ वर्ष कैद जनही |
| | जम्मा | | | ५४२७५७१०५।- | |

**४. अरुण कुमार दास, रोशन कुमार महरा समेत (विदेशी विनीमय)**
**विगो र सजाय रु. २,२०,४२,६०,९२८।- र ३ वर्ष कैद ।**

अरुण कुमार दास, रोशन कुमार महरा, विष्णुदेव राउत, महादेव राउत र विन्देश्वर राउतले यस विभागमा गरेका वयान प्रहरी प्रतिबेदन, बरामदी मुचुल्का, समेतको आधारमा निजरुले अबैध रुपमा विदेशबाट रकम नेपाल भित्र्याई विभिन्न व्यक्तिहरुलाई वितरण गरी अवैध रुपमा विदेशी मुद्राको कारोवार (हुण्डी) गरेको वारदात स्थापित हुन आएको । प्रतिबादीहरुको साथ तथा घरकोठाबाट बरामदी मुचुल्कामा उल्लेखित नगद तथा बैक भौचर ल्यापटप मोवाइल चेक समेत बरामद भएको र सो बारेमा सोधपुछ गर्दा नेपाल सरकारको राजस्व छली गरी विदेशबाट रकम मगाउने एबं रकम पठाउने अबैध हुण्डीको कारोवार गर्दै आईरहेको भनी बताएको हुदा निजहरुबाट बरामद भई आएको जम्मा रु.५५,३७,२००।- र पक्राउ प्रतिबादीहरु अरुण कुमार दास, रोशन कुमार महरा, विष्णुदेव राउत, विन्देश्वर राउत र महादेव राउतलाई कारवाहीको लागि दाखिला गरेको भन्ने प्रहरीको प्रतिबेदन । विन्देश्वर राउत र विष्णुदेव राउतले आफ्नो नाममा दर्ता भएको फर्मले नेपाल भित्र आन्तरिक कारोवार गर्न पाएको नेशनल पिन कोड प्रयोग गरेर विदेशबाट अबैध रुपमा नेपालमा रकम झिकाई वितरण गरी त्यस बापत निजहरुलाई प्राप्त हुने विदेशी मुद्रा नेपाल सरकारको खातामा जम्मा नगरी विष्णुदेव राउत मार्फत गैरकानुनी रुपमा विक्री वितरण समेत गरी विरुद्ध खण्डका प्रतिबादीहरुले मनी ट्रान्साफर ब्यवसायको आडमा गैर का्ुननी रुपमा अबैध रुपमा विदेशी विनिमय अपचलन गरी हुण्डी ब्यवसाय गरेको देखिदा प्रतिबादी विन्देश्वर राउतको घरबाट बरमद भएको कागजतहरुबाट देखिएको निजहरुले सनाखत गरेको विभिन्न समयमा विभिन्न ब्यक्तिहरुलाई भुक्तानी दिएको र भुक्तानी लिएको जम्मा रकम रु १३,२२,२९,१०८।- (अक्षरुपी तेह् करोड बाइस लाख उनान्तीस हजार एक सय आठ) र निजहरुको साथबाट बरामद भएको नगद जम्मा रु.५५,३७,२००।- समेत कुल जम्मा रु १३,७७,६६,३०८।-(अक्षरुपी तेह् लाख सतहत्तर लाख छैसठ्ठी हजार तीन सय आठ) विदेशी विनिमय(नियमित गर्ने) ऐन २०१९ को दफा १७(१) अनुसार विगो कायम गरी बरामदी विगो जफत गरी सोही ऐनको सोही दफा अनुसार प्रतिबादीहरु अरुण कुमार दास, रोशन कुमार महरा, विष्णुदेव राउत, महादेव राउत र विन्देश्वर राउतलाई सजाय हुन र ऐ. ऐनको दफा १७(९) बमोजिम कैद समेत हुन मिति २०७५।०७।२९ मा श्री धनुषा जिल्ला अदालत, जनकपुरमा अदालतमा मुद्दा दर्ता गरिएको ।


टेलिफोन : ५५२७८८५महानिर्देशक, ५५५१८०२ उप-महानिर्देशक,
कन्ट्रोल रुम ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स : ५५४२०२३, टोल फ्री नम्बर : १६६०-०१-५५०००
इमेल : info@dri.gov.np,वेभसाइट :www.dri.gov.np

| सि.नं. | अभियुक्तहरुको नाम | विगो रकम | सजाय जरिवाना माग दावी | विगो र जरिवाना समेत जम्मा रकम | कैद माग दावी |
|---|---|---|---|---|---|
| १. | • अरुण कुमार दास<br>• रोशन कुमार महरा<br>• विष्णुदेव राउत<br>• महादेव राउत<br>• विन्देश्वर राउत | १३,७७,६६,३०८।- | ४१,३२,९८,९२४।-<br>४१,३२,९८,९२४।-<br>४१,३२,९८,९२४।-<br>४१,३२,९८,९२४।-<br>४१,३२,९८,९२४।- | २,२०,४२,६०,९२८।- | ३ वर्ष कैद जनही |

## ५. वहादुर तामाङ्ग (५ किलोग्राम )

## विगो र सजाय रु. १२,४५,२५,०००।- र ३ वर्ष कैद ।

काठमाण्डौ जिल्ला तारकेश्वर नगरपालिका वडा नं ३, तीनपिप्ले स्थित सडकमा रसुवाको टिमुरेबाट काठमाण्डौतर्फ आउंदै गरेको पासांग ल्हामु यातायातको बा.२ ख ६३८१ नम्बरको सार्वजनिक भाडाको बसमा यात्रा गरीरहेका जिल्ला रसुवा, गोसाईकुण्ड गाउँपालिका वडा नं १ दाहालफेदी बस्ने बर्ष १८ बताउने सो बहादुर तामाङको शरीर चेक जाँच गर्दा ५ किलोग्राम (थान ५) सुन कालो टेपले बेरी लुकाई छिपाई राखेको अवस्थामा फेला परी विभागमा दाखिला भई अनुसन्धान गर्दा प्रतिवादी बहादुर तामाङले अनुसन्धानको क्रममा बयान गर्दा बरामद भएको सुन आफुलाई चीनको केरुङमा दोर्जे भन्ने मान्छेले प्रति के.जी. ५०,०००/- (पचास हजार) को दरले दिएको, काठमाण्डौ पुगेपछि सुन लिने मान्छेको वी च्याट आइ.डी. दिन्छु र उक्त व्यक्तिलाई सम्पर्क गरी सुन बुझाउनु भनेकाले मैले उक्त सुन बोकी आएको हो भनी बयान गरेको । यसरी यी प्रतिवादी आफूबाट सुन बरामद भएकोमा सावीतै भएका र निजले बरामद भएको सुनको बैध श्रोत समेत खुलाउन नसकेको हुँदा यी प्रतिवादीले बिना इजाजत अन्य मुलुकबाट भन्सार चोरी पैठारी गरी राजस्व चुहावट गरी ल्याएको देखिएको हुँदा निज प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४(क) र (ग) बमोजिम कसुर गरको पुष्टि हुन आएको । बरामद भएको सुनको मुल्य

वारदात भएको मिति २०७५/०६/१६ प्रति १० ग्राम सुनको मुल्य रु. ४९,८१०/- (उनान्चास हजार आठ सय दश) को दरले ५००० ग्राम सुनको हुन आउने जम्मा मूल्य रु. २,४९,०५,०००/- (दुई करोड उनान्चास लाख पाँच हजार) लाई थोक मूल्य मानी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ अनुसार बिगो कायम गरी सोहि ऐनको दफा २३(१) बमोजिम सजाय हुन मागदावी सहित बरामद भएको सुन चीनको केरुङबाट ल्याएको हो भनी प्रतिवादी आफैले बयानमा उल्लेख गरको र सो सुनको भुक्तानीको श्रोत पेश गर्नुहोला भनी माग गर्दा निजले पेश गर्न नसकेको हुँदा वारदात भएको दिन माथि उल्लेखित सुनको मुल्य प्रति १० ग्रामको मुल्य रु. ४९,८१०/- (उनान्चास हजार आठ सय दश) को दरले ५००० ग्राम सुनको हुने मुल्य रु. २,४९,०५,०००/- (दुई करोड उनान्चास लाख पाँच हजार ) नेपाली रुपैंया बराबर हुने विदेशी मुद्र भुक्तान गरको स्वतः प्रमाणित हुने हुँदा उक्त सुन ल्याउन निज प्रतिवादीले अबैध रुपमा विदेशमा भुक्तानी गरी विदेशी विनिमय अपचलन गरेको देखिएको हुँदा विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा ३,४ र ५(२) बमोजिमको कसुर गरको देखिएकाले ऐ ऐनको १७(१) बमोजिम निजले सुन किन्न भुक्तानी गरेको रु. २,४९,०५,०००/- (दुई करोड उनान्चास लाख पाँच हजार) बिगो कायम गरी ऐ ऐनको दफा १७(१) बमोजिम जरिवाना र ऐ ऐनको दफा १७(९) बमोजिम कैद सजाय र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३३ बमोजिम बरामदी दशी सुन जफत हुने गरी पाउन मिति २०७५।०७।२७ मा श्री काठमाण्डौ जिल्ला अदालत, बबरमहलमा मुद्दा दर्ता गरिएको ।

| सि.नं. | अभियुक्तहरुको नाम | विगो रकम | सजाय जरिवाना माग दावी | विगो र जरिवाना समेत जम्मा रकम | कैद माग दावी |
|---|---|---|---|---|---|
| १. | वहादुर तामाङ्ग | २,४९,०५,०००।- | ४९,८१०,०००।- (राजस्व चुहावट)<br>७,४७,१५,०००।- (विदेशी विनिमय अपचलन) | १२,४५,२५,०००।- | राजस्व चुहावटको कसुरमा ३ वर्ष कैद<br>विदेशी विनिमयको कसुर ३ वर्ष कैद |
| | जम्मा | | | १२,४५,२५,०००।- | |